# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२६/२०७९/०८०

## निर्णय नं.(१)

प्रस्ताव नं.(१) माथि छलफल गर्दा आ.व.२०७९/८० को अनुमानित आय मध्ये संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त हुने अनुदानमा कटौती तथा आन्तरिक आम्दानीमा समेत अपेक्षित राजस्व उठ्न नसकेकोले लगभग ४ करोड २८ लाख रकम गाउँपालिकामा प्राप्त हुन नसक्ने अवस्था विद्यमान रहेको हुँदा बजेटमा समावेश भएका सम्पूर्ण कार्यक्रमहरु संचालन गर्न नसकिने देखिन्छ। तसर्थ आफ्नो सिलिङ्ग भित्रका तत्कालै नगरी नहुने अत्यावश्यक कार्यक्रमहरुलाई छनौट गरी वडाको निर्णय गरी वडाध्यक्षज्यूहरुवाट सिफारिस भई आए पछि मात्र सम्झौता गर्ने। हाल सम्म सम्झौता भैसकेका र अब सम्झौता हुने कार्यक्रमहरुको भुक्तानी गर्न साथै संचालन नभएका योजनाहरुलाई अर्को आ.व.को वजेटवाट सम्वोधन गर्ने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो। ।

## निर्णय नं.(२)

प्रस्ताव नं.(२) माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६५ बमोजिमको राजस्व परामर्श समितिमा विगत देखि राजस्व परामर्श समिति सदस्य रहेका वडा नं.१ का वडाध्यक्ष , श्री रत्न कार्की र कार्यपालिका सदस्य प्रमिला परियारलाई नै सदस्यको रुपमा निरन्तरता दिने ।

## निर्णय नं.(३)

प्रस्ताव नं.(३) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका वडा नं.३ मा आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण गर्ने कार्यको लागी संघिय सरकार स्वास्थ्य मन्त्रालयवाट बजेट प्राप्त भएता पनि विविध प्राविधिक कारणले हाल सम्म ठेक्का व्यवस्थापन हुन नसकेको। स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्वन्धि कार्यविधि,२०७५ को दफा(४) को उपदफा(४) मा "सार्वजनिक खरिद ऐनको पालना हुने गरी टेण्डर प्रक्रियाद्वारा गर्नुपर्नेछ" भनि उल्लेख भएकोले उपभोक्ता समिति मार्फत आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण कार्य अगाडी वढाउन नसकिने देखिएकोले तुरुन्त ठेक्का व्यवस्थापनको लागी टेण्डर आव्हान गर्ने र नियमानुसार वहुवर्षिय ठेक्का गरि कार्य अगाडी बढाउने र यस आ.व.मा नसकिएको निर्माण कार्य अर्को आ.व.मा गर्ने र नपुग रकम संघिय सरकार समक्ष माग गर्ने र प्राप्त नभएमा गाउँपालिका आफैले स्रोत व्यवस्थापन गर्ने साथै यस कार्यको स्थानीय आवश्यकता र भौगोलिक दृष्टिकोणले उपयुक्त परिमार्जन सहितको डिजाईन र ड्रइङको आधारमा वार्ड नं.३ को आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निशुल्क प्राप्त भएको जग्गामा (सलवले चोक पुर्व) ठेक्का प्रकृया मार्फत निर्माण गर्ने साथै उक्त आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको टेण्डर प्रकृयावाट ठेक्का बन्दोबस्त गर्न संघिय सरकारबाट प्राप्त अनुदान रकमले नपुग्ने देखिएकोले बाँकी बजेट समेत गाउँपालिकाबाट व्यहोर्ने गरी स्रोत सुनिश्चीतता गरि टेण्डर आव्हान गर्ने भनि सर्वसम्मतवाट निर्णय पारित गरियो।



CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२६/२०७९/०८०

**निर्णय नं.(४)**

प्रस्ताव नं.(४) माथि छलफल गर्दा कानेपोखरी अस्पतालमा हाल स्वास्थ्य विमा कार्यक्रम संचालन भईरहेको र हाल विरामीको चाप समेत अत्याधिक रहेकोले मौज्दात जनशक्तिबाट अस्पतालमा व्यवस्थापन गर्न कठिनाई भएको कारण यस आ.व.को सुरुबाट नै दुई जना व्यक्तिहरुलाई अस्पतालको विमाको काउण्टरमा राखेर ज्यालादारिमा कार्य गराईरहेको र अस्पताल संचालनको लागी अति आवश्यक समेत देखिएकोले अस्पतालको अर्को O&M नहुन्जेलको लागि सहायक कम्प्युटर अपरेटरको अस्थायी दरबन्दी सिर्जना गरी हाललाई ज्यालादारीमा कार्य गराउने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

**निर्णय नं.(५)**

प्रस्ताव नं.(५) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकामा सुकुम्बासी तथा अव्यवस्थीत बसोबासीको व्यवस्थापनको लागी जग्गा नाप जाँचको कार्य भैरहेको र उक्त कार्यमा दुई टोलि मार्फत कार्य भैरहेको र प्रत्येक टोलिको लागि दुई जना चेनमेन आवश्यक रहेकोले हाल चारजना चेनमेन ज्यालादारीमा काम गरिरहेको हुँदा उक्त कार्यको अनुमोदन गरी आगामी दिनमा समेत निज चेनमेनहरुलाई नै निरन्तरता दिने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो ।

**निर्णय नं.(६)**

प्रस्ताव नं.(६) माथि छलफल गर्दा सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन कार्यको लागी जग्गा नापजाँच गर्ने कार्यमा खटिएका प्राविधिक सर्वेक्षक तथा अमिनहरुले कार्यालय समयभन्दा बढि कार्य सम्पादन गरे वापत "अतिरिक्त समयमा खटिने कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराउने सम्वन्धि मापदण्ड,२०७९" बमोजिम उपलब्ध गराउने सर्वसम्मतबाट निर्णय पारित गरियो ।

**निर्णय नं.(७)**

प्रस्ताव नं.(७) माथि छलफल गर्दा भूउपयोग वर्गीकरणको कार्य हालसम्म सम्पन्न भई नसकेको कारण उक्त कार्यलाई तत्काल अगाडी बढाउने सर्वसम्मतबाट निर्णय पारित गरियो ।

**निर्णय नं.(८)**

प्रस्ताव नं.(८) माथि छलफल गर्दा कानेपोखरी गाउँ कार्यपालिका मातहात रहेका विभिन्न ६ वटा विषयगत समितिहरुको निम्न बमोजिम सदस्य थप गर्न भनि निर्णय पारित गरियो ।

क) सार्वजनिक सेवा तथा क्षमता विकास समितिः-

- सदस्यः- श्री रुविना ताम्राकार विश्वकर्मा
- सदस्यः- श्री झपट्टुलाल राजवंशी



CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२६/२०७९/०८०

ख) आर्थिक विकास समितिः-

- सदस्यः- श्री पदमकुमारी कार्की
- सदस्यः- श्री बिमला बुढाथोकी

ग) सामाजिक विकास समितिः-

- सदस्यः- श्री साउनी माझी
- सदस्यः- श्री भिमबहादुर कार्की

घ) पूर्वाधार विकास समितिः-

- सदस्यः- श्री नारायणकुमार बस्नेत
- सदस्यः- श्री सरस्वती काफ्ले

ङ) वातावरण तथा विपद व्यवस्थापन समितिः-

- सदस्यः- श्री दिपेश कुमार थापा
- सदस्यः- श्री सुशिला श्रेष्ठ

च) विधेयक समितिः-

- सदस्यः- श्री दुर्गामाया नेपाली
- सदस्यः- श्री लोकबहादुर लिम्बु

**निर्णय नं.(९)**

प्रस्ताव नं.(९) माथि छलफल गर्दा शिक्षा शाखाको प्रमुख वेग वहादुर काफ्लेको विरुद्धमा परेको उजुरी/गुनासोहरुको छानविन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न निम्न बमोजिमको छानविन समिति गठन गर्ने सर्वसम्मतबाट निर्णय पारित गरियो।

१) सुशिल बुढाथोकी
२) रत्नबहादुर कार्की
३) खड्ग बहादुर बस्नेत

**निर्णय नं.(१०)**

प्रस्ताव नं.(१०) माथि छलफल गर्दा हालसम्म सेनटेरी प्याड खरिदको प्रक्रिया सुरुवात नगरेको र अव टेण्डर गरेर खरिद गर्ने समय समेत नपुग्ने भएकोले NS प्राप्त कम्पनी सँगै सोझै खरिद गर्ने भनि सर्वसम्मतबाट निर्णय पारित गरियो।

**निर्णय नं.(११)**

प्रस्ताव नं.११) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकामा विभिन्न वडा कार्यलयबाट सिफारिस भई आएका बमोजिमका व्यक्तिहरुलाई निम्न बमोजिम आर्थिक सहायता उपलब्ध गराउने ।

| | |
|---|---|
| क) वडा नं.१,चन्द्रकर्मकर (घरमा आगलागी भएको)- | रु.५०,०००।- |
| ख) वडा नं.१,धक्डु हेमरमसतार(घरमा आगलागी भएको)- | रु. २५,०००।- |
| ग) वडा नं.५,लक्ष्मी राई(रुखले घर लडाएका) - | रु. २०,०००।- |



अध्यक्ष

CamScanner

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/२६/२०७९/०८०**

घ) वडा नं.६,टिकादेवि दर्जी (विरामी)- रु. २०,०००।-

ङ) सन्थाल जातिको पर्था परम्परा संरक्षणको वृतचित्र बनाउने कार्यको लागी वडा नं.२ का राजकुमार सतारलाई- रु. ५०,०००।-

च) वडा नं.३ बस्ने शंकर कार्की(द भोइस अफ नेपाल) मा अगाडीको अडिसनमा सहभागीहुन आर्थिक सहायता- रु.१०,०००।-

छ) वडा नं.१,श्री मा.वि.होक्लाबारीको रंग रोगन कार्यको लागी -रु.१,००,०००।-

ज) वार्ड नं.५,भूमिका थापालाई उच्च शिक्षा अध्ययन गरिरहेका विपन्न परिवारका विद्यार्थीलाई शैक्षिक सहयोग कार्यक्रमबाट -रु.४०,०००।-

झ) निम्न बमोजिमका व्यक्तिहरुको बाख्रा,बोका र खसीलाई कुकुरले मारी क्षति भएकोमा निम्न बमोजिमको अनुदान दिने

१) वार्ड नं.४, चन्द्रबहादुर कार्की -रु.५०००।-

२) वार्ड नं.४,दरोपती सरदार -रु.८०००।-

३) वार्ड नं.४,मेखिया चौधरी -रु.७०००।-

४) वार्ड नं.१,काउली वास्के -रु.७०००।-

५) वार्ड नं.१,लर्थी ऋषिदेव -रु.८०००।-

६) खेलकुद कार्यक्रमबाट मोरङ जिल्ला फुटबल संघलाई 'C' लाईसेन्स प्रशिक्षणको लागी रु.४००००।- उपलब्ध गराउने ।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

**मिति २०८०।०२।११ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको प्रस्ताव, उपस्थिति र निर्णय**

CamScanner